| | | |
|---|---|---|
| ३० | नशेमन (बाँके) | १) वर्ष १० अंक ११, २०६४ साउन २९ गतेको प्रथम पृष्ठमा प्रकाशित मध्य र सुदूर पश्चिम क्षेत्रमा एड्सबाट ५५ जनाको मृत्यु' शीर्षकको समाचार वर्ष २६ अंक २६, २०६४ साउन २४ गतेको जनमत अर्धसाप्ताहिक पत्रिकाबाट हुबहु प्रकाशित ।<br><br>२) वर्ष १० अंक ११, २०६४ साउन २९ गतेको पृष्ठ ६ मा प्रकाशित 'युवाहरुले अलग्गै मन्त्रालय मागे' शीर्षकको समाचार पनि जनमत अर्धसाप्ताहिकको वर्ष २६ अंक २७, २०६४ साउन २८ को प्रथम पृष्ठको एयर प्यानलमा प्रकाशित 'युवा मन्त्रालय माग' बाट हुबहु प्रकाशित। सोही दिनको पृष्ठ ३ मा प्रकमाशित 'दलको चलाखी महिलाको गैरहोसियारी' शीर्षकको मञ्जु थापाको लेख पनि जनमत पत्रिकाकै २८ गतेको पृष्ठ ३ बाट हुबहु प्रकाशित ।<br><br>३) वर्ष १० अंक ३९, २०६४ चैत १३ गतेको 'ज्वाला सिंहका बाँके-बर्दिया सेक्रेटरी हलचलसहित पाँच कार्यकर्ता पक्राउ' शीर्षककमो मुख्य समाचार वर्ष २६ अंक ७९, २०६४ चैत ११ गतेको जनमत अर्धसाप्ताहिकको एङ्कर न्यूजबाट शीर्षक सामान्य परिवर्तन गरी हुबहु प्रकाशित ।<br><br>४) पत्रिकाका हरेक अंकमा कुनै न कुनै समाचार जनमत अर्धसाप्ताहिकबाट श्रोत उल्लेख नगरी हुबहु प्रकाशित गरेको पाइयो ।<br><br>५) वर्ष १० अंक ४३, २०६४ बैशाख १० कमो पृष्ठ ३ मा प्रकाशित 'सुक्दैछ गन्धर्वको गला र कला' शीर्षकको फिचर वर्ष १० अंक ३१, २०६४ माघ ८ गतेको पृष्ठ ५ सँग हुबहु। सोही फिचर पौष २४ को पृष्ठ ५ मा पनि हुबहु प्रकमाशित ।<br><br>६) वर्ष १० अंक १३, २०६४ भाद्र ११ गतेको पृष्ठ २ मा प्रकाशित गाउँले महिलाको अदालत' शीर्षकको फिचर वर्ष १० अंक १७, २०६४ असोज ९ गतेको पृष्ठ ५ सँग हुबहु। सोही फिचर साउन २ मा पनि प्रकाशित भएको ।<br><br>७) २०६५ असार १७ गतेको पृष्ठ ३ को 'डाक्टर बन्ने धुनमा विजोगै-विजोग' शीर्षकको फिचर बैशाख १७ गतेको पृष्ठ ४ सँग हुबहु ।<br><br>८) असार ४ को पृष्ठ ४ को 'व्यवहारसमेत भिन्दै र अमर्यादित छ दलित' शीर्षकको फिचर असार ११ गतेसँग हुबहु ।<br><br>९) असार १७ को पृष्ठ २ मा प्रकाशित 'छोरीलाई सम्पत्ति होइन शिक्षाको खाँचो छ' शीर्षकको फिचर असार ११ गतेको पृष्ठ दुईसँग हुबहु ।<br><br>१०) असार १७ गतेको पृष्ठ ५ मा प्रकाशित 'शहरमै छैन प्रजनन सेवा' शीर्षकको फिचर वर्ष १० अंक ४४, २०६५ बैशाख १७ गतेसँग हुबहु ।<br><br>११) बैशाख १७ गतेको पृष्ठ २ मा प्रकाशित 'चर्को नारा चाहिँदैन उज्ज्वल भविष्य चाहिन्छ' शीर्षकको लेख बैशाख १० गतेको पृष्ठ २ सँग हुवहु ।<br><br>१२) फागुन २ को पृष्ठ ५ मा प्रकाशित 'अन्यौलन कायमै' शीर्षकको फिचर माघ २२ गतेको पृष्ठ ५ सँग हुबहु ।<br><br>१३) माघ ८ को पृष्ठ २ मा प्रकाशित 'विभेदको खाडल अझै पुरिएको छैन' शीर्षकको फिचर पौष २४ गतेको पृष्ठ २ सँग हुबहु ।<br><br>१४) माघ १ गतेको पृष्ठ २ मा प्रकाशित 'पहिले हेला गर्थे, अहिले छैन' फिचरको पौष २४ गतेको पृष्ठ ४ सँग हुबहु ।<br><br>१५) पौष २४ को पृष्ठ ३ मा प्रकाशित 'दलित समुदायको शिक्षामा पहुँच न्यून' शीर्षकको फिचर माघ १ को पृष्ठ ३ सँग हुबहु ।<br><br>१६) असोज २१ को पृष्ठ ३ मा प्रकाशित 'पारिवारिक अशान्तिले मानसिक पीडा खेप्न बाध्य बालबालिकाहरु' शीर्षकको फिचर असोज २९ गतेको पृष्ठ ४ सँग हुबहु ।<br><br>१७) साउन २ गतेको पृष्ठ ५ मा प्रकाशित 'अवसरले बढायो महिलाहरुको आत्मविश्वास' शीर्षकको फिचर भाद्र ४ सँग हुबहु ।<br><br>१८) पत्रिकाका अधिकांश भित्री पृष्ठ नेपाल प्रेस इन्स्टिच्यूट र संचारिका समूहद्वारा प्रकाशित फिचरबाट पाना भर्ने काम भएको छ। विचार पृष्ठमा समेत विचार (लेख/समावेश गरिएको छैन) । |